# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६०)     काठमाडौं, वैशाख ६ गते,     २०६७ साल (संख्या १


# भाग ५

नेपाल सरकार

## कृषि तथा सहकारी मन्त्रालयको सूचना

## वर्ड फ्लू रोग नियन्त्रण (दोस्रो संशोधन) आदेश, २०६६

वर्ड फ्लू रोग नियन्त्रण ओदश, २०६४ लाई संशोधन गर्न वाञ्छनीय कोले, दैविप्रकोप (उद्धार) ऐन, २०३९ को दफा ४ ले दिएको अधिकार प्रयोग नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

**संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "वर्ड फ्लू रोग नियन्त्रण (दोस्रो संशोधन) आदेश, २०६६" रहेको छ ।

२) यो आदेश तुरून्त प्रारम्भ हुनेछ ।

**फ्लू रोग नियन्त्रण आदेश, २०६४ को दफा ५ मा संशोधनः** वर्ड रोग नियन्त्रण आदेश २०६४ (यस पछि "मूल आदेश" भनिएको)


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

को दफा ५ को उपदफा (१, क) मा रहेका "प्रमाणित भएमा" भन्ने शब्दहरूपछि "वा वर्ड फ्लू रोगको संक्रमण देखा पर्न सक्ने सम्भावना भएमा" भन्ने शब्दहरू थपिएका छन् ।

३. **मूल आदेशको दफा ७ मा संशोधन**: मूल आदेशको दफा ७ को,-

(१) उपदफा (१) को खण्ड (ग), (घ), (ङ) र (च) को सट्टा देहायका खण्ड (ग), (घ), (ङ) र (च) राखिएका छन्:-

"ग खण्ड (क) र (ख) मा उल्लिखित बाहेकका घर पालुवा प्रति पन्छीको लागि देहाय बमोजिम क्षतिपूर्ति दिइने छः-

(१) छ हप्ताभन्दा मुनिको - पचास रूपैयाँ

(२) छ हप्ताभन्दा माथिको - एक सय तीस रूपैयाँ ।

तर व्यावसायिक रूपमा पालिएका ब्रोइलर कुखुरा भए-

(१) चार हप्ताभन्दा मुनिको - पचास रूपैयाँ

(२) चार हप्ताभन्दा माथिको - एक सय तीस रूपैयाँ

(घ) कुखुरा तथा हाँसको अण्डा भएमा प्रति अण्डा तीन रूपैयाँ ।

(ङ) नष्ट गर्नुपर्ने दाना भएमा प्रति किलोग्राम दश रूपैयाँ ।

(च) नष्ट गर्नुपर्ने घर पालुवा पन्छीको मासु भएमा प्रति किलोग्राम एकसय रूपैयाँ ।"

(२) उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छ :-

"(५) कसैले यस आदेशको विपरित हुने गरी विक्री वितरण वा ओसार पसार गरेको पन्छी वा पन्छीजन्य पदार्थ पक्राउ गरी नेपाल सरकारको सम्बन्धित निकायमा बुझाएमा त्यस्तो व्यक्तिलाई छ हप्तासम्मको पन्छी चल्ला भएमा प्रति चल्लाको पाँच रूपैयाँ र छ हप्ताभन्दा माथिको पन्छी भएमा प्रति पन्छी दश रूपैयाँका दरले पुरस्कार प्रदान गरिनेछ ।"

**आज्ञाले,**
**नाथु प्रसाद चौधरी**
**नेपाल सरकारको सचिव**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।